## प्रदेश सरकार

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## गण्डकी प्रदेश, पोखरा

## सहकारी सङ्घसंस्थाहरूलाई आयोजना प्रस्ताव पेस गर्ने सम्बन्धी पुनःसूचना

**वेभसाइटमा प्रकाशित मितिः २०७६/०९/०३**

(प्रथम पटक प्रकाशित मितिः २०७६/०९/०३)

यस मन्त्रालयको आ.व. ०७६।०७७ को स्वीकृत "**एक सहकारी एक उत्पादन सहयोग**" कार्यक्रमअनुसार सहकारी सङ्घ/संस्था सँगको साझेदारीमा देहायका सहकारी आयोजना सञ्चालन गर्नका लागि पुँजीगत अनुदान प्रदान गरिने भएकाले त्यस्तो अनुदान प्राप्त गर्न चाहने गण्डकी प्रदेशभित्रका सहकारी सङ्घसंस्थाहरूले **"सहकारी संस्थालाई अनुदान सुविधा प्रदान गर्ने कार्यविधि, २०७५"** को अधीनमा रही यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० (तीस) दिनभित्र यस मन्त्रालयमा आइपुग्ने गरी आयोजना प्रस्ताव पेस गर्न कार्यविधिको दफा ८ बमोजिम यो सूचना प्रकाशन गरिएको छ ।

१. सहकारी खेती उत्पादनमा वा आफ्ना सदस्यहरुको सामुहिक उत्पादन सञ्चय ,प्रशोधन तथा बजारीकरण गर्ने सहकारी संघ/संस्थाहरुले उत्पादनमूलक औद्योगिक तथा व्यवसायिक आयोजनाका लागि जग्गा बाहेक पूजीगत निर्माण र खरिदमा अनुदान उपलब्ध गराइनेछ।

२. प्रस्ताव पेस गर्ने सहकारी सङ्घसंस्थाले उक्त म्यादभित्र देहायका कागजातहरु संलग्न गरी कार्यविधिको **अनुसूची १** को ढाँचामा निवेदन र **अनुसुची २** मा उल्लेखित दफा ९ बमोजिमको आयोजना विवरण र कागजात सहित यस मन्त्रालयमा दरखास्त दिनुपर्नेछ ।

३. सहकारी संस्थाबाट प्राप्त हुन आएका आयोजना प्रस्तावहरु उपर कार्यविधिको दफा १० बमोजिम प्रारम्भिक छानविन गर्दा स्थानिय तह र मन्त्रालयमा उपलब्ध अभिलेख भिडाउनुका साथै स्थलगत निरीक्षण समेत गर्न सकिनेछ र सोही कार्यविधिको **अनुसूची ३** प्रारम्भिक जाँच सूचीमा उल्लेखित बुँदा मध्ये असफल भएको पाइएमा त्यस्तो दरखास्त स्वीकृत नहुने व्यहोराको जानाकारी आवेदक संघ/सस्थालाई गराइनेछ।

४. प्रस्तावसाथ सम्बन्धित सहकारी सङ्घसंस्थाले आफ्नो तर्फबाट बेहोर्ने आन्तरिक स्रोत (शेयर/जगेडा कोष)को स्पष्ट आधार पेस गर्नुपर्नेछ तर आफ्नो तर्फबाट बेहोर्ने स्रोतबापत कुनै निकायको ऋण वा अनुदान प्रस्ताव गर्न पाइने छैन ।

५. अन्य निकायहरूबाट अनुदान प्राप्त गरिसकेका सङ्घसंस्थाहरूलाई सोही प्रयोजनका लागि अनुदान उपलब्ध गराइने छैन ।

६. नेपाल सरकार वा स्थानीय तहको सम्बन्धित निकाय वा अन्य निकायहरूबाट प्रस्तावित आयोजना सञ्चालनका लागि प्राप्त भएको वा हुने आर्थिक, प्राविधिक वा भौतिक सहयोग वा उपयुक्तताको सिफारिस भए सोको विवरणका साथै तत्सम्बन्धी कागजात दरखास्तसाथ संलग्न गर्नुपर्नेछ ।

७. पेस हुन आएको प्रस्तावको मूल्याङ्कन सहकारी संस्थालाई अनुदान सुविधा प्रदान गर्ने कार्यविधि,२०७५ मा तोकिएका आधारहरु बमोजिम गरिने र चालु आर्थिक वर्षको वार्षिक कार्यक्रम तथा बजेटका आधारमा प्राप्त प्रस्तावहरु स्वीकृत गर्ने, नगर्ने अधिकार यस मन्त्रालयमा निहित हुनेछ। कुनै कारण जनाई वा नजनाई प्राप्त प्रस्तावहरू अस्वीकृत गर्न सकिनेछ ।

८. दरखास्तको ढाँचा, आयोजना प्रस्तावको विवरण र छनौटसम्बन्धी विस्तृत जानकारी यस मन्त्रालयको वेवसाइट **molmac.gandaki.gov.np** मा राखिएको "सहकारी संस्थालाई अनुदान सुविधा प्रदान गर्ने कार्यविधि, २०७५" बाट प्राप्त गर्न सकिनेछ।